सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३४८ ♦ २०८३ साल भदौ २४ बुधवार ♦ 9 Sep 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# बाढीको क्षतिमा जलवायु न्याय मागौं: मुख्यमन्त्री यादव

**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको प्राकृतिक विपद्को क्षतिका लागि अन्तर्राष्ट्रिय समुदायसँग राहतभन्दा जलवायु न्याय र क्षतिपूर्ति माग्नुपर्ने बताएका छन् ।

मंगलबार जनकपुरधाम उद्योग वाणिज्य संघको सक्रियतामा रसुवाको भोटेकोशी बाढीपीडितका लागि संकलित राहत सामग्री सार्वजनिक गर्ने कार्यक्रममा बोल्दै मुख्यमन्त्री यादवले जलवायु परिवर्तनमा ठूलो योगदान गर्ने मुलुकहरूका कारण नेपालजस्ता साना देशले बाढी, पहिरो र खडेरीजस्ता विपद्को सामना गर्नुपरेको बताए ।

उनले जलवायु परिवर्तनबाट नेपालमा भइरहेको क्षतिबारे अन्तर्राष्ट्रिय मञ्चमा प्रभावकारी रूपमा आवाज उठाउन संघीय सरकारसँग आग्रह गरे ।

प्राकृतिक विपद्बाट हुने क्षतिको दीर्घकालीन समाधानका लागि अन्तर्राष्ट्रिय समुदायबाट जलवायु न्याय प्राप्त गर्न पहल आवश्यक रहेको उनको भनाइ थियो ।

भोटेकोशी बाढी प्रभावितको उद्धार, राहत तथा पुनर्स्थापनाका लागि मधेश प्रदेश सरकार प्रतिबद्ध रहेको मुख्यमन्त्री यादवले बताए ।

बाढी आएको दिन नै प्रदेश सरकारका मन्त्री तथा कर्मचारीको एक दिनको तलब प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा जम्मा गरिएको उनले जानकारी दिए । बाढी प्रभावित क्षेत्रमा पठाउन प्रदेश सरकारले दोस्रो चरणमा करिब दुई करोड रुपैयाँ बराबरका पाल खरिद गरिसकेको र ती सामग्री छिट्टै प्रभावित क्षेत्रमा पठाइने उनले बताए ।



त्यसपछि खाद्यान्न, लत्ताकपडालगायत आवश्यक सामग्री पठाउने तयारी भइरहेको मुख्यमन्त्री यादवको भनाइ छ । प्राकृतिक विपद्बाट प्रभावित नागरिकलाई सहयोग गर्न प्रदेश सरकारले विपद् कोषमार्फत निरन्तर काम गर्दै आएको उनले बताए ।

# पोखरी अतिक्रमण हटाउने नाममा जबर्जस्ती उठीबास लगाउन खोजेको भन्दै स्थानीय आन्दोलित



**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

राजगुठी अन्तर्गतका पोखरी र पोखरी डिलमा बनाइएका संरचना हटाउन सूचना जारी भएसँगै जनकपुर वडा नम्बर १४, रजौलस्थित लब्की पोखरी वरिपरिका स्थानीय आन्दोलित बनेका छन् ।

उनीहरूले जग्गा किनेर घर बनाएको, त्यसको कर तिर्ने गरेको, बिजुली तथा पानीको बिल लगायतका सबै सरकारी कागजात हुँदाहुँदै आफूहरूलाई

*बाँकी पृष्ठ ३ मा*

# मधेशमा १५४ हेक्टरभन्दा बढी वन अतिक्रमणमुक्त

**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिवास**

मधेश प्रदेशमा वन अतिक्रमण नियन्त्रण अभियानलाई तीव्र पारिएसँगै आर्थिक वर्ष २०८२/८३ मा १५४ दशमलव ५५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ । मधेश प्रदेश वन निर्देशनालय जनकपुरधामका अनुसार अतिक्रमणमुक्त गरिएको वन क्षेत्रमध्ये सबैभन्दा ठूलो हिस्सा पर्सामा रहेको छ। पर्सामा मात्रै १२० हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको छ ।

त्यस्तै, बारामा २१ हेक्टर, सप्तरीमा पाँच हेक्टर, धनुषामा ३ दशमलव २५ हेक्टर, सर्लाहीमा तीन हेक्टर, महोत्तरीमा दुई हेक्टर र सिरहामा शून्य दशमलव ३५ हेक्टर वन क्षेत्र अतिक्रमणमुक्त गरिएको वन निर्देशनालयले जनाएको छ ।

वन निर्देशनालयका सूचना अधिकारी सजन चौधरीका अनुसार वन क्षेत्र अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाई ती क्षेत्रलाई पुनः वन संरक्षण तथा व्यवस्थापनको दायरामा ल्याइएको हो ।

अतिक्रमण नियन्त्रणसँगै वन

*बाँकी पृष्ठ ३ मा*

## सत्कर्म कृषि सहकारी संस्था लि.

बर्दिबास, महोत्तरी

## साधारण सभा सम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस सत्कर्म कृषि सहकारी संस्था लि. को मिति २०८३ भाद्र १४ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयअनुसार यस संस्थाको नवौं वार्षिक साधारण सभा तपसिलमा उल्लेखित मिति, समय र स्थानमा आयोजना गरिने भएको हुँदा यस संस्थाका सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई उक्त साधारण सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

**तपसिल**

मिति : २०८३/०६/२९ गते बिहीबार
समय : बिहान ११:०० बजे
स्थान : गौतम होटल, बर्दिबास

**साधारण सभामा छलफल तथा पारित गर्नुपर्ने विषयहरू :**

१. आ.व. २०८२/०८३ को वार्षिक लेखा परीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा।
२. आ.व. २०८२/०८३ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
३. आ.व. २०८३/०८४ को नीति तथा कार्यक्रम/बजेट प्रस्तुती, छलफल गरी पारित सम्बन्धमा।
४. आ.व. २०८२/०८३ को लेखा समितिको प्रतिवेदन प्रस्तुती, छलफल तथा पारित सम्बन्धमा।
५. आ.व. २०८३/०८४ का लागि लेखा परीक्षक नियुक्ति र पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा।
६. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्ने प्रतिनिधि चयन गर्ने सम्बन्धमा।
७. विनियम तथा आन्तरिक कार्यविधि संशोधन सम्बन्धमा।
८. सञ्चालक समितिले पास गरेको बचत तथा ऋणको ब्याजदर अनुमोदन सम्बन्धमा।
९. ऋणको ब्याज तथा हर्जाना छुट सम्बन्धमा।
१०. संस्थाद्वारा सञ्चालित कृषि कार्यक्रम सम्बन्धमा।
११. सञ्चालक समितिले आ.व. २०८२/०८३ मा संस्था सञ्चालनका लागि गरेका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा।
१२. खराब कर्जा असुली योजना सम्बन्धमा।
१३. विविध।

**विशेष अनुरोध :**

साधारण सभाभन्दा अगाडि नै यस संस्थामा आफूले बुझाउन बाँकी मासिक बचत, ऋणको किस्ता र ब्याज समयमै भुक्तानी गरौं। सभ्य सेयर सदस्यको पहिचान बनाऔं।

**वेद बहादुर कार्की**
**सचिव**
**सत्कर्म कृषि सहकारी संस्था लि.**
**बर्दिबास, महोत्तरी**
**सम्पर्क नं. : ०४४-५५०३८२, ९८१७८६१२६५**

# वर्षा नहुँदा महोत्तरीका किसान चिन्तित

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**

**भदौ २३ गते, महोत्तरी**

लामो समयदेखि पर्याप्त वर्षा नहुँदा महोत्तरीको औरही नगर पालिका तथा आसपासका क्षेत्रमा धान, उखु र तरकारी खेती प्रभावित हुन थालेपछि किसान चिन्तित भएका छन्। असारमा रोपिएको धान भदौ महिना सकिन लाग्दासमेत पर्याप्त पानी नपाउँदा कतिपय खेतमा धानका बोट पहेँलिन थालेका छन्। केही स्थानमा माटो चर्किन थालेको र बालीमा रोग तथा कीराको प्रकोप देखिन थालेको किसानले बताएका छन्। वर्षे पानीमा निर्भर किसानका लागि लामो समयसम्मको खडेरी चुनौती बनेको छ।

सिँचाइ सुविधा भएका किसानले स्यालो ट्युबेल, मोटर तथा पम्पसेटको प्रयोग गरी बाली जोगाउने प्रयास गरे पनि अधिकांश किसान अझै आकाशे पानीकै भरमा छन्। विद्युत् सुविधा नभएका क्षेत्रमा डिजेल पम्प प्रयोग गर्नुपर्ने भएकाले सिँचाइको लागतसमेत बढेको किसानको भनाइ छ।

औरही नगरपालिका-२ का किसान दिनेश यादवले यस वर्ष धानबाट अपेक्षित उत्पादन हुनेमा आशंका व्यक्त गर्नुभयो। करिब दुई बिघा क्षेत्रफलमा हरेक वर्ष धान खेती गर्दै आउनुभएका उहाँले धानको उत्पादनबाट परिवारको खाद्यान्न र घरखर्च व्यवस्थापन गर्दै आउनुभएको छ। "धान रोप्दा समयमै पानी पर्छ र बाली राम्रो हुन्छ भन्ने आशा थियो। तर भदौ सकिन लाग्दासमेत पर्याप्त वर्षा भएन। धानका बोट पहेँलिन थालेका छन् र कतिपय ठाउँमा रोगसमेत देखिएको छ," उहाँले भन्नुभयो, "अब पनि पर्याप्त वर्षा भएन भने उत्पादनमा ठूलो कमी आउने चिन्ता छ।" धानसँगै उखु खेतीमा समेत पानीको अभाव देखिन थालेको उहाँले बताउनुभयो। उखुमा रस भरिने समयमा पर्याप्त चिस्यान आवश्यक पर्ने भए पनि वर्षा नहुँदा बोट सुक्न थालेको उहाँको भनाइ छ। मोटरबाट पानी तानेर सिँचाइ गर्ने प्रयास गरे पनि सबै किसानले नियमित सिँचाइ गर्न सक्ने अवस्था नरहेको उहाँले बताउनुभयो।

औरही नगरपालिका-२ कै किसान घनश्याम यादवले खेतीमा गरेको लगानी जोखिममा परेको बताउनुभयो। धान खेतीका लागि बिउ, मल, मजदुरी र जोताइमा ठूलो रकम खर्च भइसकेको अवस्थामा पानीको अभावले उत्पादन घटे किसानलाई लगानी उठाउनसमेत समस्या हुने उहाँको भनाइ छ। "किसानले ऋण गरेर भए पनि खेतीमा लगानी गरेको हुन्छ। उत्पादन राम्रो भयो भने ऋण तिर्न र परिवारको खर्च चलाउन सहज हुन्छ। तर पानीकै अभावमा बाली कमजोर भयो भने ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने हुन्छ," उहाँले भन्नुभयो।



गौशाला नगरपालिका-१० बटौवाका किसान मनिकालाल महतोले वर्षा नहुँदा तरकारी खेतीमा समेत असर परेको बताउनुभयो। तरकारी बालीमा नियमित सिँचाइ आवश्यक पर्ने भए पनि पानीको अभावमा बोटको वृद्धि र उत्पादन प्रभावित हुन थालेको उहाँले बताउनुभयो। मोटर तथा पम्पसेटबाट पानी तानेर सिँचाइ गरिए पनि सबै बालीमा आवश्यक मात्रामा पानी पुर्‍याउन नसकिएको उहाँको भनाइ छ। डिजेलको मूल्यका कारण सिँचाइ खर्च बढेकाले सरकारले विद्युत् महसुलमा सहुलियत तथा डिजेलमा अनुदान दिनुपर्ने उहाँले माग गर्नुभयो।

औरही नगरपालिकाको कृषि शाखाकी नायब प्राविधिक सहायक कविता विष्ट सञ्जौलाका अनुसार लामो समयसम्म पर्याप्त वर्षा नहुँदा धान, उखु र तरकारी बालीमा असर पर्न सक्छ। विशेषगरी सिँचाइ सुविधा नभएका र वर्षे पानीमा निर्भर किसान बढी प्रभावित हुने उहाँले बताउनुभयो। "धानको वृद्धि र उत्पादनका लागि महत्वपूर्ण चरणमा पर्याप्त चिस्यान आवश्यक हुन्छ। लामो समय पानी नपर्दा बोट पहेँलिने, वृद्धि रोकिने तथा रोग र कीराको प्रकोप बढ्न सक्छ," उहाँले भन्नुभयो, "समयमै पर्याप्त वर्षा भयो भने प्रभावित बालीलाई केही हदसम्म सुधार गर्न सकिन्छ।" उहाँले किसानलाई उपलब्ध पानीको उचित व्यवस्थापन गरी आवश्यकताअनुसार सिँचाइ गर्न तथा रोग वा कीराको समस्या देखिए कृषि प्राविधिकको सल्लाह लिएर मात्र विषादी प्रयोग गर्न सुझाव दिनुभयो।

किसानले तत्काल वैकल्पिक सिँचाइको व्यवस्था, विद्युत् महसुलमा सहुलियत, डिजेलमा अनुदान तथा प्राविधिक सहयोग उपलब्ध गराउन सरकारसँग माग गरेका छन्। वर्षामा मात्र निर्भर कृषि प्रणालीका कारण हरेक वर्ष मौसमजन्य जोखिम बढ्दै गएकाले दीर्घकालीन रूपमा सिँचाइ पूर्वाधार विस्तार, भूमिगत पानीको व्यवस्थापन र पानी संरक्षणमा जोड दिनुपर्ने किसानको भनाइ छ। भदौ महिना सकिन लाग्दासमेत पर्याप्त वर्षा नभए धान, उखु तथा तरकारीको उत्पादन घट्ने जोखिम बढेको छ।

यसले किसानको उत्पादन मात्र नभई खेतीमा गरिएको लगानी, आम्दानी र खाद्य सुरक्षामा समेत असर पार्न सक्ने देखिएको छ।

# नेपाली कांग्रेसको १५ औं केन्द्रीय महाधिवेशनको कार्यतालिका परिमार्जन

**खबर दर्पण समाचारदाता**

**भदौ २३ गते, बर्दिबास**

नेपाली कांग्रेसको १५ औं केन्द्रीय महाधिवेशनको कार्यतालिका परिमार्जन गरिएको छ।

पार्टी कार्यालय सानेपामा मंगलबार बसेको कांग्रेस केन्द्रीय निर्वाचन समितिले असोज १६ देखि १९ गते नै केन्द्रीय महाधिवेशन सम्पन्न गर्ने गरी अन्य तहगत अधिवेशनका कार्यक्रमको समयतालिका परिमार्जन गरेको हो। रसुवाको भोटेकोशीमा आएको बाढी र विभिन्न जिल्ला र क्षेत्रबाट आएको राय, सल्लाह, सुझावलाई समेत ध्यानमा राखी अन्य तहगत अधिवेशनका कार्यक्रमको विस्तृत समयतालिका परिमार्जन गरिएको कांग्रेस केन्द्रीय निर्वाचन समिति संयोजक प्रेम बहादुर खड्काले जानकारी दिनुभयो। नयाँ कार्यतालिका अनुसार गाउँ-नगर वडा अधिवेशन असोज ३ गते शनिवार र ४ गते आइतवार स्थानीय अनुकूलता अनुसार तय गरी सम्पन्न गर्ने, गाउँ-नगर पालिका अधिवेशन ७ गते बुधवार र प्रदेश सभा क्षेत्रीय अधिवेशन/प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन असोज १० गते शनिवार गर्ने निर्णय भएको खड्काले बताउनुभयो। त्यस्तै बाढी प्रभावित रसुवा, नुवाकोट र धादिंग जिल्लाको हकमा तोकिएको निर्वाचन अधिकृत र पार्टीको स्थानीय तहसंगको समन्वयमा अधिवेशन सम्पन्न गर्ने निर्णय गरिएको छ भने नेपाली जनसम्पर्क समितिको बाँकी रहेका देशहरूको अधिवेशन असोज १० गतेभित्र सम्पन्न गर्ने गरि कार्यतालिका तय भएको छ।

## आवश्यक टेलिफोन नम्बरहरु

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

खबर दर्पण
राष्ट्रिय दैनिक



# पोखरी अतिक्रमण हटाउने नाममा जबर्जस्ती उठीबास लगाउन.............................

घर खाली गर्न पत्र पठाइएको भन्दै आपत्ति जनाएका छन् । घर खाली गर्न सूचना दिइएसँगै आन्दोलित उनीहरूले आज ( मंगलबार) पिडारी चोकमा एक घण्टाभन्दा बढी समय राजमार्ग अवरुद्ध गरे ।

सो क्रममा उनीहरूले सरकार विरुद्ध चर्का नाराबाजीसमेत गरेका थिए । राजमार्ग अवरुद्ध गरेपछि प्रहरीले सामान्य बल प्रयोग गरेर प्रदर्शनकारीलाई हटाएको थियो ।

गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदल २०६२ को प्रतिवेदन कार्यान्वयन समितिले गत शुक्रबार उपमहानगर पालिका भित्रका १५ वटा पोखरी र पोखरीको डिलमा निर्माण गरिएका संरचना ७ दिनभित्र हटाउन सार्वजनिक सूचना जारी गरेको थियो । समितिले सूचनामा भनेको थियो, 'तोकिएको समयसिमा भित्र खाली नगरे कानुन अनुसार खाली गराइनेछ ।'

सूचना अनुसार पोखरी डिलमा निर्माण गरिएका घरहरू भत्काइने त्रासमा रहेका स्थानीयहरू सडक आन्दोलनमा उत्रिएका हुन । आन्दोलनमा सहभागी राजोदेवी मण्डलले २६ वर्षदेखि जग्गा किनेर घर बनाएर बसेकोमा एक्कासि सरकारले भत्काउने सूचना पठाएपछि आफूहरू मर्कामा परेको बताइन् । उनले भनिन्, 'नयाँ सरकार आएपछि झन लालपुर्जा दिने भनेको थियो, उल्टै उठीबास पो लगाउन थाल्यो । हामीले सरकारलाई सबै कर हरू तिर्दै आएका छौँ, कसरी हाम्रो घर भत्काउन पाउँछ ?'

सोही स्थानका अर्का स्थानीय धर्मराज यादवले आफूहरू बसोबास गरेको जग्गा गुठीको नभएको र २०४६ को नापी अनुसार लालपुर्जा पाउनुपर्नेमा उल्टै भत्काउने सूचना जारी हुनु आफैँमा त्रुटिपूर्ण रहेको बताए । उनले भने, 'घरको तिरो २०४६ यता सधैँ तिरेका छौँ । विद्युत्, खानेपानी सबै सरकारले नै प्रदान गरेको सुविधा लिएका छौँ । त्यतिबेला नै सरकारले यो गुठीको जग्गा अथवा राजगुठीको जग्गा भनेर नलिनुपर्ने हो नि । अहिले आएर जबर्जस्ती हटाउन खोजे हामी यो निर्णय मान्दैनौँ ।'

स्थानीय गृहिणी पेमा देवीले आफूहरू बसेको जग्गा अतिक्रमण गरेको नभइ किनेर बसेको बताइन् । उनले भनिन्, 'अहिले सरकारले गर्न खोजेको पोखरीको सौन्दर्यकरणको विरोधी हामी होइनौँ । व्यवस्थित बनाउनुपर्छ, तर थातथलो नै उठाउने गरी स्थानीयबासीको बस्ती हटाउने कुरा हामीलाई मान्य छैन ।'

स्थानीय वडा सदस्य रमेशकुमार साहले अतिक्रमण हटाउने नाममा राज्यले स्थानीयबासीलाई आतङ्कित बनाउने काम गरेको आरोप लगाए । उनले भने, 'भोजराज घिमिरेको प्रतिवेदनमा त्यो जग्गा गुठी संस्थानको उल्लेख छ भने यो कागज हेर्नुस्, हामीलाई सरकारबाटै प्राप्त भएको जग्गाको प्रमाण हो । अनि अहिले आएर जबर्जस्ती अतिक्रमण हटाउने नाममा बिल्लीबाठ गराउन पाइन्छ ? जुन जग्गा गुठीकै छैन, त्यो जग्गामा कसरी नोटिस जारी गर्न मिल्छ ?'



समितिले खाली गराउन सूचना जारी गरेको लब्की पोखरीको डिलमा ४२ वटा कच्ची तथा पक्की घरहरू रहेको वडासदस्य साहले बताए । गुठी संस्थानले २०४६ सालको स्रेस्ता हेर्ने हो भने सबै प्रमाणित हुने भए पनि त्यो हेर्नतर्फ ध्यानै नदिएको उनको गुनासो छ ।

स्थानीयबासीहरूले यसमा पुनः छानबिन गरी सत्यतथ्य निकाल्न माग गरेका छन् । छानबिनबाट प्रमाणित भए आफूहरू सहजै रूपमा त्यो क्षेत्र खाली गरिदिने उनीहरूको भनाइ छ । गुठीको जग्गा संरक्षण र व्यवस्थापनका लागि गठित उच्चस्तरीय कार्यदल २०६२ को प्रतिवेदन कार्यान्वयन समितिले भदौ १९ गते सार्वजनिक सूचना जारी गर्दै जनकपुर उपमहानगर पालिकाभित्र रहेका देवान पोखरी (चन्द्र कूप), मध्यमा सर, रुक्मिणी सर, विडाल सर ( विराही), गेन्ही पोखरी, ठाडी पोखरी, लवकी पोखरी (रजौल), कपालमोचनी सर, पुरन्दर सर, लवकी पोखरी, लक्ष्मण सर ( बलराम सर), पापमोचनी सर, अग्नि कुण्ड, सीता कुण्ड, विहार कुण्ड, देवान पोखरी (चन्द्र कूप) लगायतको अतिक्रमण हटाउन सार्वजनिक सूचना जारी गरेको छ।

# मधेशमा १५४ हेक्टरभन्दा बढी.........................

चोरी तथा तस्करी नियन्त्रण र वन संरक्षणका गतिविधिलाई समेत तीव्रता दिइएको उनले बताए ।

वन संरक्षण तथा हरियाली प्रवर्द्धनका लागि प्रदेशका विभिन्न जिल्लामा गत आर्थिक वर्ष ३२ लाख ३९ हजार ८१० बिरुवा उत्पादन गरिएको छ । उत्पादित बिरुवामध्ये विभिन्न प्रजातिका बिरुवा प्रयोग गरी २६१ दशमलव ७७ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको निर्देशनालयले जनाएको छ ।

जिल्लागत रूपमा सबैभन्दा बढी सर्लाहीमा ८ लाख ६३ हजार ९७० बिरुवा उत्पादन गरिएको छ । सप्तरीमा ५ लाख ३ हजार ६४०, सिरहामा ४ लाख १५ हजार, धनुषामा ४ लाख ३ हजार , बारामा ४ लाख ३४ हजार २००, महोत्तरीमा २ लाख २० हजार र पर्सामा ४ लाख बिरुवा उत्पादन गरिएको छ ।

वृक्षरोपणतर्फ सप्तरीमा ९५ हेक्टर, धनुषामा ६६ दशमलव ५ हैक्टर, बारामा ४३ दशमलव ५३ हेक्टर, सिरहामा २६ हेक्टर , महोत्तरीमा २० हेक्टर, सर्लाहीमा ८ दशमलव ५ हेक्टर र पर्सामा २ दशमलव २४ हेक्टर क्षेत्रफलमा वृक्षरोपण गरिएको छ ।

वन क्षेत्रको व्यवस्थित उपयोगअन्तर्गत चालु आर्थिक वर्षमा मधेश प्रदेशका विभिन्न जिल्लामा ६ लाख ६५ हजार २७३ दशमलव २६ घनफिट काठ उत्पादन भएको वन निर्देशनालयले जनाएको छ ।

काठ उत्पादनमा सर्लाही अगाडि रहेको छ । सर्लाहीमा मात्रै ३ लाख ५१ हजार ७५९ दशमलव ५ घनफिट काठ उत्पादन भएको छ ।

त्यस्तै, बारामा ९४ हजार ४६६ दशमलव ९, महोत्तरीमा ७८ हजार ५१६ दशमलव ९८, सिरहामा ६७ हजार ८७६ दशमलव ६७, सप्तरीमा ६५ हजार २९ दशमलव ४९ र धनुषामा ७ हजार ६२३ दशमलव ७२ घनफिट काठ उत्पादन भएको निर्देशनालयले जनाएको छ ।

सोही अवधिमा प्रदेशका विभिन्न जिल्लामा १ हजार २५६ चट्टा दाउरा उत्पादन भएको छ । यसमध्ये सर्लाहीमा ७५१ दशमलव ९५, बारामा २४२, महोत्तरीमा १९६ दशमलव ८९, सप्तरीमा ३५ दशमलव ३६, सिरहामा २२ दशमलव ५७ र धनुषामा ७ दशमलव ३८ चट्टा दाउरा उत्पादन भएको छ ।

वन पैदावारको बिक्री वितरणतर्फ हालसम्म ५ लाख ३ हजार ७९९ दशमलव २७ घनफिट काठ बिक्री भएको छ ।

काठ तथा दाउराको बिक्री, वन पैदावारको उपयोग तथा अन्य वनजन्य गतिविधिबाट प्रदेश सरकारले ५ करोड ८५ लाख ५० हजार १९० रुपैयाँ राजस्व संकलन गरेको वन निर्देशनालयका सूचना अधिकारी चौधरीले बताए ।

वन निर्देशनालयका निर्देशक सुभाषचन्द्र दासले वन कर्मचारीको सक्रियताका कारण वन अतिक्रमण नियन्त्रण तथा चोरी-तस्करी नियन्त्रणमा सकारात्मक परिणाम प्राप्त भएको बताए ।

उनका अनुसार वन संरक्षणसँगै अतिक्रमण नियन्त्रण, वृक्षरोपण तथा वन पैदावारको व्यवस्थित र दिगो उपयोगलाई प्राथमिकतामा राखिएको छ । वन क्षेत्रको संरक्षणलाई प्रभावकारी बनाउन स्थानीय तह तथा सम्बन्धित सरोकारवालासँगको समन्वयलाई समेत थप बलियो बनाइने उनले बताए ।



# चौरचन पर्वका लागि माटाका भाँडा खरिद गर्न हाटबजारमा बढ्यो चहलपहल

धर्वेन्द्रकुमार यादव 'यदुवंशी'
**भदौ २३ गते, महोत्तरी**

तराई-मधेसमा मनाइने चौरचन पर्व नजिकिएसँगै महोत्तरीका स्थानीय बजारमा माटाका भाँडाकुँडाको माग बढेको छ । औरही नगरपालिका-१ स्थित औरही बजारसहित जिल्लाका विभिन्न हाटबजारमा चौरचनका लागि आवश्यक माटाका घैंला, छाछी (कन्तारी), मटकुरी, लाबैन, दियो र फुच्चीलगायत सामग्रीको बिक्री बढेको हो ।

भदौ कृष्णपक्ष चतुर्थीका दिन मनाइने चौरचन पर्वमा माटाका भाँडामा दही, खीर, फलफूल, मिठाईलगायत प्रसाद राखेर चन्द्रदेवलाई अर्पण गर्ने परम्परा छ । धार्मिक तथा सांस्कृतिक महत्व बोकेको यस पर्वमा माटाका भाँडा प्रयोग हुने भएकाले अन्य समयको तुलनामा चौरचनका बेला यसको माग ह्वात्तै बढ्ने गरेको स्थानीय व्यापारी बताउँछन् ।

औरही नगरपालिका-१ का स्थानीय राजकिशोर चौधरीले चौरचन धार्मिक आस्था र सांस्कृतिक परम्परासँगै पारिवारिक तथा सामाजिक सम्बन्ध जोड्ने पर्वका रूपमा मनाइँदै आएको बताउनुभयो । परिवार तथा आफन्तजन एकै ठाउँमा भेला भएर चन्द्रदेवको पूजा गर्ने भएकाले पर्वले सामाजिक सद्भाव कायम गर्नसमेत सहयोग पुऱ्याउने उहाँको भनाइ छ ।

"आधुनिक सामग्रीको प्रयोग बढे पनि चौरचनमा माटाका भाँडाको प्रयोग गर्ने परम्परा अझै हटेको छैन,"उहाँले भन्नुभयो, "यसले मौलिक संस्कृति र स्थानीय कुम्हाले समुदायको सीप संरक्षणमा पनि सहयोग पुगेको छ ।"

चौरचन नजिकिएसँगै माटाका भाँडाको मूल्यसमेत बढेको स्थानीयको भनाइ छ । औरही नगरपालिका-२ का दिनेश यादवका अनुसार सामान्य समयमा पाँचदेखि १० रुपियाँमा पाइने कतिपय माटाका सामग्री अहिले ५० देखि १०० रुपियाँसम्म पुगेका छन् । आकार र बनोटअनुसार केही सामग्रीको मूल्य २०० रुपियाँसम्म पुगेको उहाँले बताउनुभयो ।

"सामान्य समयमा माटाका भाँडा खासै बिक्री हुँदैनन् । चौरचन नजिकिएपछि घैंला, छाछी, मटकुरी, लाबैन, दियो र फुच्ची खोज्ने ग्राहक बढेका छन्," यादवले भन्नुभयो ।

उहाँका अनुसार एउटा परिवारलाई चौरचनका लागि आवश्यक माटाका सामग्री खरिद गर्न कम्तीमा पाँच सय रुपियाँभन्दा बढी खर्च हुने गरेको छ । माटो, दाउरा, श्रम र ढुवानीको लागत बढेकाले भाँडाको मूल्य पनि बढेको उहाँले बताउनुभयो ।

चौरचनका कारण कुम्हाले समुदायको परम्परागत पेसामा भने केही समयका लागि चहलपहल बढेको छ । औरही नगरपालिका-४ कबिलाशाका कुमाले चन्देश्वर पण्डितले पर्वका लागि आवश्यक सामग्री बनाउन भ्याइनभ्याई भएको बताउनुभयो ।

उहाँका अनुसार माटाका भाँडा बनाउन माटो खोज्ने, ल्याउने, सफा गर्ने, आकार दिने, सुकाउने र आगोमा पकाउनेसम्मका काम गर्नुपर्ने भएकाले उत्पादनमा समय र श्रम धेरै लाग्छ ।

"चौरचन नजिकिएपछि एकैपटक धेरै सामग्रीको माग आउँछ । बिहानदेखि बेलुकासम्म काम गर्दा पनि मागअनुसार उत्पादन गर्न कठिन हुन्छ," पण्डितले भन्नुभयो ।



आधुनिक प्लास्टिक, स्टिल तथा अन्य सामग्रीको प्रयोग बढ्दै जाँदा वर्षभरि माटाका भाँडा बनाएर जीविकोपार्जन गर्न कठिन भएको उहाँले बताउनुभयो । चौरचन, विवाह तथा पूजापाठजस्ता अवसरमा हुने बिक्रीले भने कुम्हाले परिवारलाई केही राहत पुग्ने उहाँको भनाइ छ ।

"माटो र दाउराको मूल्य बढेको छ । उत्पादनमा श्रम पनि धेरै लाग्छ । त्यसैले पुरानै मूल्यमा भाँडा बिक्री गर्न सम्भव छैन," पण्डितले भन्नुभयो ।

चौरचन पर्वले आफ्नो पुस्तौँदेखिको सीप र पेसालाई निरन्तरता दिन सहयोग गरेको उहाँको भनाइ छ । स्थानीयस्तरमै उत्पादित माटाका सामग्रीको प्रयोग बढाउन सके कुम्हाले समुदायको परम्परागत सीप संरक्षणसँगै स्थानीय अर्थतन्त्रमा समेत योगदान पुग्ने उहाँले बताउनुभयो ।

यस वर्ष भदौ २९ गते चौरचन पर्व मनाइँदैछ ।

सोही दिन हरितालिका तीजसमेत परेकाले दुवै पर्व एकै दिन मनाइँदैछन् । पर्व नजिकिएसँगै औरही, गौशाला, रामगोपालपुर, भङ्गाहा र जलेश्वरलगायतका बजारमा माटाका भाँडा खरिद गर्ने ग्राहकको चहलपहल बढेको छ ।

धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामाजिक सद्भावसँग जोडिएको चौरचन पर्वले आधुनिक सामग्रीको बढ्दो प्रयोगका बीच पनि माटाका भाँडाको परम्परागत प्रयोगलाई निरन्तरता दिएको छ । यसबाट कुम्हाले समुदायको परम्परागत सीप र पेसाले पनि वर्षमा कम्तीमा एकपटक बजार पाउने गरेको छ ।


**सचेत उपभोक्ता बनौं**

**सामान खरिद गर्दा देहायका बिषय एकिन गरौः**

- उत्पादकको नाम, ठेगाना र दर्ता नम्बर,
- वस्तुको उत्पादन मिति र उपभोग गरिसक्नुपर्ने मिति,
- आयातित वस्तुको हकमा आयातकर्ताको नाम, ठेगाना,
- वस्तुमा भएको मिश्रण, तौल र परिमाण,
- वस्तुको अधिकतम् बिक्री मूल्य,
- गुणस्तर निर्धारण भएको वस्तुको हकमा त्यस्तो वस्तुको गुणस्तर,
- वस्तुको प्रयोग गर्ने तरीका र प्रयोग गर्नु पूर्वको सावधानी।

**सामान खरिद गर्दा सकेसम्म बैकिङ माध्यमबाट भुक्तानी गरौं**
**भुक्तानी गरेको मूल्य बराबरको विल लिऔं**

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



**स्वच्छ शहरः स्वस्थ्य शहर**

- धुवाँ बढी फाल्ने सवारी साधनको प्रयोग नगरौं,
- सवारी साधनको समय-समयमा मर्मतसम्भार गरौं,
- तोकिएको स्थानमा मात्र फोहोर फालौं,
- नदी किनार, सडक छेउ र सार्वजनिक स्थानमा वृक्षारोपण गरौं,
- सार्वजनिक स्थलका बोट-बिरुवा तथा फलफूलको संरक्षण गरौं,
- ध्वनि र वायु प्रदुषण कम गरौं,
- सडकको समय-समयमा मर्मतसम्भार गरौं,
- सडकमा निर्माण सामग्री नराखौं।

**शहरलाई सफा राखौः सुन्दर बनाऔं।**

**गौशाला नगरपालिका, महोत्तरी**



**बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं**

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

**मटिहानी नगरपालिका, महोत्तरी**



**कृषि उत्पादनमा आत्मनिर्भर बनौं**

- आधुनिक प्रविधिको प्रयोग गरी कृषि उत्पादन वृद्धि गरौं,
- कृषकलाई आवश्यक मल, वीउ समयमै उपलव्ध गराऔं,
- स्थानीय उत्पादनलाई बजारसम्म पुऱ्याउन बजार संयन्त्रको विकास गरौं,
- कृषकलाई सीप, तालिम र सहुलियतपूर्ण ऋण उपलव्ध गराऔं,
- जमिनको संरक्षण गरौं, खेतीयोग्य भूमिको सदुपयोग गरौं,
- कृषि उत्पादन बढाऔं र कृषि उपजमा आत्मनिर्भर बनौं,
- नवीन प्रविधि र अवसर उपलव्ध गराई युवाहरूलाई कृषिमा आकर्षित गरौं।

**कृषि पेशा प्रति सम्मान र गौरव गरौं।**

**औरही नगरपालिका, महोत्तरी**



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,